का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक २५
- १२ फागुन २०७६, सोमबार
- 24 February 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-


# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक


# वामदेव गौतमकै लागि संविधान संशोधन !

**पार्टी विधान संशोधन गरी उपाध्यक्ष बनेका बामदेव गौतमलाई राष्ट्रियसभामा लैजान संविधान संशोधनकै लागि नेकपाभित्र कार्यदलको गृहकार्य भएको भन्दै तीव्र आलोचना शुरू भएको छ । व्यक्तिलाई हेरेर नभइ जनताको आवश्यकताको आधारमा संविधान संशोधन हुनुपर्ने आलोचकहरूले तर्क गरेका छन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले संविधान संशोधनको गृहकार्य गर्न कार्यदल बनाएको अनौपचारिक छलफल सँगै तीव्र आलोचना शुरु भएको छ । नेकपा स्रोतका अनुसार, वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा कञ्चनपुर-१ बाट नेपाली काँग्रेसका उम्मेद्वार सञ्जयकुमार गौतमसँग पराजित नेकपाका उपाध्यक्ष बामदेव गौतमको माग पुरा गर्न संविधान संशोधनको गृहकार्य गर्न कार्यदल गठन गरिएको हो ।



**'नेकपाले औपचारिक रूपमा कुनै कार्यदल बनाएको छैन । छलफल हुनु र निर्णय हुनु फरक कुरा हो ।'**

**-विष्णु रिजाल, नेता, नेकपा**

शनिबार बसेको नेकपाको सचिवालय बैठकले संविधान संशोधन कार्यदल गठन गर्ने निर्णय गरेको थियो । कार्यदल गठनको जानकारी आइतबार मात्रै सार्वजनिक गरिएको छ । कार्यदलमा नेकपाका नेता सुवासचन्द्र नेम्वाङ र खिमलाल देवकोटा सदस्य छन् । देवकोटाका अनुसार, आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले बोलाएर संविधान संशोधनका विषयमा जानकारी गराएका थिए । सोमबार पनि छलफल हुने देवकोटाले जानकारी दिएका छन् ।

नेकपा सचिवालय बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधन प्रस्ताव लगेका थिए । उनको प्रस्तावमाथि प्रधानमन्त्री एवं अध्यक्ष ओलीले सहमति जनाएका थिए । नेकपा उपाध्यक्ष बामदेव गौतमलाई ध्यानमा राखी संविधान संशोधन गर्न लागिएको बुझिएको छ ।

गौतमलाई राष्ट्रियसभामा लैजाने र राष्ट्रियसभा सदस्यलाई प्रधानमन्त्री बनाउन सक्नेगरी संविधान संशोधन गर्न लागिएको जनाइएको छ । नेकपाले मधेश केन्द्रीत दलले उठाएको माग बमोजिम संविधान संशोधनका लागि छलफल हुने जनाएको छ । मधेश केन्द्रीत दलहरु राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टी नेपालले संविधान संशोधनको माग गर्दै आएका छन् । उनीहरुले प्रदेशको सीमांकन, भाषा र नागरिकता लगायतको विषमया संविधान संशोधनको माग उठाएका हुन् । सत्तारुढ नेकपाले शासकीय स्वरुपमा कार्यकारी राष्ट्रपतिको लविङ गर्दै आएको छ । कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्न पनि संविधान संशोधन गर्न खोजिएको कतिपयको बुझाई रहेको छ ।

तर, नेकपाकै नेता विष्णु रिजालले पार्टीले कुनै पनि कार्यदल नबनाएको दाबी गरेका छन् । रिजालले भनेका बाँकी पृष्ठ २ मा

## कांग्रेसले भन्यो– तमासा नगरौं


**काठमाडौं/मस-** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले बनाएको संविधान संशोधन कार्यदललाई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले 'तमासा'को संज्ञा दिएको छ । दलहरुसँग विमर्श नै नगरी संविधान संशोधनका लागि कार्यदल बनाइएकोमा कांग्रेसले असन्तुष्टि जनाएको छ ।

प्रवक्ता विश्वप्रकाश शर्माले ट्वीट गर्दै संविधान संशोधन कार्यदलप्रति असन्तुष्टि व्यक्त गरेका हुन् । मधेशले संविधान संशोधनको माग गर्दा संविधान संशोधन नगर्ने तर अहिले एक व्यक्तिका लागि संविधान संशोधन गर्न लागिएकोमा शर्माले आपत्ति जनाएका छन् ।

शर्माले लेखेका छन्, 'मधेशले माग्यो संविधान संशोधन,भनियो -हुन्न । जनजातिले मागे हुन्न भनियो, दलित, थारु अनि अरुले मागे तिनलाई पनि हुन्न भनियो । तर आज कोहि एक व्यक्तिको अनुहार हेरेर संशोधन तयारी ?' 'गम्भीर राष्ट्रिय विमर्श बिना यो के तमासाको तयारी कमरेडहरु?' भनी शर्माले प्रश्न गरेका हुन् ।

# प्रधानमन्त्री विरुद्ध उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन



सेक्युरिटी प्रेस खरिद प्रक्रियामा अनियमितता गरिएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान सूचना तथा सञ्चार प्रविधिमन्त्री गोकुल बाँस्कोटासहित चार जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । सेक्युरिटी प्रेस खरिद प्रक्रियामा स्वीस कम्पनीसँग ७० करोड 'कमिशन' मागेको भन्दै नेपालगञ्जका प्रेमबहादुर शाही र मकवानपुरका आनन्दराम पौडेलले प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालिन सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुल बास्कोटा, तत्कालिन सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ र नेपाल सेक्युरिटी प्रेसका सीईओ विकल पौडेलविरुद्ध आइतबार अख्तियारमा उजुरी दिएका हुन् ।

सेक्युरेटी प्रेस खरिद प्रकरणमा एजेन्टसँग ७० करोड घुस मागेको अडियो बाहिरिएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले बिहीबार पदबाट राजीनामा दिएका थिए । उनले राजीनामा दिए पनि त्यतिकै उन्मुक्ति दिन नहुने आवाज सत्तारुढ नेकपादेखि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित सामाजिक सञ्जालमा समेत नागरिकले चर्को रुपमा उठाएका छन् ।

अख्तियारमा परेको उजुरीमा भनिएको छ, 'प्रधानमन्त्री जस्तो जिम्मेवार र उत्तरदायी पदमा रहेका व्यक्ति यस्तो भ्रष्टाचार भएको प्रमाण आफ्नो जानकारीमा आएपछि भ्रष्टाचार सम्बन्धी अनुसन्धान गर्ने र मुद्दा चलाउने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जानकारी दिनुपर्ने दायीत्व र कर्तव्य रहेकोमा सो प्रमाण लुकाएबाट निज प्रधानमन्त्री पनि सो भ्रष्टाचारको उद्योग कार्यमा संलग्न र मतियार रहेको स्वतः पुष्टी हुन्छ ।' सेक्युरेटी प्रेस खरिदमा स्वीजरल्याण्डका एजेन्ट विजयप्रकाश मिश्रसँग १६ महिनाअघि बास्कोटाले गरेको अडियो बुधबार राति बाहिरिएको थियो ।

आइतबार नै निवर्तमान सञ्चारमन्त्री गोकुल बाँस्कोटा विरुद्ध अखितयार दुरुपयोग अनुसन्धान आयोगमा अर्को उजुरी दर्ता भएको छ । सुनसरीका प्रितम सुवेदी र दोलखाका विजयबाबु शिवाकोटीले बाँस्कोटाविरुद्ध आइतबार अख्तियारमा उजुरी दर्ता गराएका हुन् । बाँस्कोटालाई भ्रष्टाचारजन्य कसुरमा कारवाहीको माग गरिएको छ।

# १५ दिनभित्र उपस्थित हुन आदेश

**बालुवाटार प्रकरण**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन




विशेष अदालतले बालुवाटार काण्डमा मुछिएका ५४ जनालाई १५ दिनभित्र अदालतमा उपस्थित हुन म्याद जारी गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवासको जग्गा अनियमिततामा एक सय ७५ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । जसमध्ये ५४ जनालाई उपस्थित हुन म्याद जारी गरिसकिएको उप-रजिस्ट्रार इन्द्रकुमार खड्काले जनाएका छन् । उपरजिष्ट्रार खड्काले अरु बाँकी एक सय २१ जनाको नाममा पनि छिटै म्याद जारी हुने बताए ।

आयोगले गत माघ २२ गते बालुवाटारस्थित ललिता निवासको जग्गा प्रकरणमा एक सय ७५ जनाविरुद्ध बाँकी पृष्ठ २ मा

# टर्की र ग्रिस पठाइदिने भन्दै ३२ युवा ठग्ने फन्दामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

युवाहरूलाई आकर्षक रोजगारीमा युरोपियन मुलुक पठाइदिने भन्दै ठगी गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा मोरङका कमलप्रसाद पोखरेल छन् ।

३२ युवालाई प्रलोभनमा पारी ३९ लाख ५६ हजार रुपैयाँभन्दा बढी रकम ठगी गरेको उजुरी परेपछि पोखरेललाई टेकुबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, मोरङको रतुवामाई नगरपालिका-६, बुधबारे स्थायी ठेगाना भएका पोखरेल आकर्षक रोजगारीमा विदेश पठाइदिने भन्दै रकम असुलेपछि सम्पर्कविहीन बनेका थिए ।

विदेश पठाउने नाममा रकम उठाएर पोखरेल सम्पर्कविहीन भएपछि गोपीराम पराजुलीलगायतका पीडितले उनीविरुद्ध उजुरी दिएका थिए। उजुरीलगत्तै प्रहरीले पोखरेल प्रहरी फन्दामा परेका हुन् ।

पोखरेललाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्वनगर पठाइएको प्रहरीले जनाएको छ। उनीमाथि वैदेशिक रोजगार न्यायाधीकरणमा ठगी मुद्दा चलाउने तयारी छ। वैदेशिक रोजगारका नाममा हुने ठगीलाई नियन्त्रण गर्न प्रहरी र विभागबीच गत महिना समझदारी भएको थियो। सोही समझदारी अनुसार, पोखरेललाई विभाग पठाइएको हो ।

वैदेशिक रोजगार ऐनले इजाजतबिना वैदेशिक रोजगारमा कामदार पठाउने परिकल्पना गरेको छैन । कसैले इजाजतबिनै पठाएमा कडा सजाय हुने व्यवस्था छ । इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशतले हुने रकम हर्जनाबापत असुल गर्ने सजाय तोकिएको छ । यतिमात्रै होइन, यस्तो गलत कार्य गर्ने व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म क्षतिपूर्ति दिने व्यवस्था छ । यस्ता अनधिकृत कार्य गर्नेलाई ३ देखि सात वर्षसम्म कैद हुने प्रावधान पनि ऐनमा समेटिएको छ । विदेश पठाइ नसकेको भए त्यसको आधा सजाय हुने व्यवस्था छ। यद्यपि, वैदेशिक रोजगारका नाममा हुने ठगी अझै रोकिएको छैन ।

**वैदेशिक रोजगार विशेष**

## समयमै माग अपलोड भएन, व्यवसायी मर्कामा

काठमाडौं/मस- साउदी अरेबियाको रियादस्थित दूतावासबाट प्रमाणीकरण भइसकेका डिमाण्ड वैदेशिक रोजगार विभागको एटेस्टेशन मोड्युलमा अपलोड नहुँदा समस्या परेको गुनासो वैदेशिक रोजगार व्यवसायीले गरेका छन् ।

राजधानीको चाँदनी म्यानेजमेन्ट सर्भिस प्रालिका नाममा गत जनवरी २७ तारेखमा साउदी अरबको साद मुन ईब्राहिम विन मन्सुरअल मारहौन पाउण्डेसन फर मेन्टिनेन्स एण्ड क्लिनिङ कम्पनीको ३ जना कामदारको डिमाण्ड प्रमाणीकरण भएको थियो ।

वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिकामा विदेशस्थित कूटनीतिक नियोगले डिमाण्ड पेस भएको दश दिनभित्र त्यस्तो डिमाण्ड प्रमाणीकरण गर्ने उल्लेख छ। तर डिमाण्ड प्रमाणीकरण भएको झण्डै एक महिनासम्म विभागको एटेस्टेशन मोड्युलमा अपलोड नभएको उक्त कम्पनीका सञ्चालक श्यामकमल गुरुङले मध्यान्ह राष्ट्रिय दैनिकसँग गुनासो गरे। अझ आश्चर्य त के छ भने सोही दूतावासबाट फेब्रुअरी दोस्रोसातासम्म प्रमाणीकरण भएका मागपत्रहरू आइसकेका छन्। तर चाँदनी म्यानेजमेन्टको भने अझै आएको छैन ।

मागपत्र प्रमाणीकरण भएको एक महिनासम्म प्राप्त नभएपछि साउदीस्थित रोजगारदाता कम्पनीलाई दिने जवाफ आफूसँग नरहेको कम्पनीको भनाइ छ ।

वैदेशिक रोजगार विभागले गत जनवरी १ देखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस) कार्यान्वयनमा ल्याएको हो । तर खाडीस्थित अधिकाश दूतावास प्राविधिक समस्या देखाएर पन्छिँदै आइरहेका छन्। रियादस्थित नेपाली राजदूतावासले गतहप्ता एक सूचना जारी गर्दै नेपाली राजदूतावासबाट गरिँदै आएको कामदार मात्रपत्र प्रमाणीकरण कार्य ०७६ चैत २ गते तदनुसार १५ मार्चबाट मात्रै अनलाइन प्रणालीबाट गरिने बताउँदै अनलाइन प्रणालीको बाँकी पृष्ठ २ मा

# 'भ्रष्टको जीवन रातारात बदलियो'

**मध्यान्ह संवाददाता**
रोल्पा, ११ फागुन

उपराष्ट्रपति नन्दबहादुर पुनले भ्रष्ट र तस्करको जीवन रातारात बदलिएको बताएका छन् । रोल्पाको थबाङस्थित वीर बलभद्र नमुना माध्यमिक विद्यालय स्थापना र अक्षय कोष निर्माण अभियानको आइतबार उद्घाटन गर्दै उपराष्ट्रपति पुनले भने, 'रातारात जीवन त भ्रष्टाचारीको मात्र बदलिन्छ। कि त तस्करको। उनीहरु रातारात करोडपति र खर्बपति बन्छन् । जनताको जीवनस्तर रातारात बदलिने कुरा होइन । निरन्तरको इमान्दार मेहनतले मात्र आम मानिसको जीवन बदलिन्छ ।'

उनले उत्पादन सम्बन्धलाई बदल्दै लगेपछि मात्र जनताको जीवनस्तरमा बदलाव आउने बताए । क्रान्ति भनेको घरमा रातारात पैसाको बिटो ल्याइदिने विषय नभएको उपराष्ट्रपति पुनले बताए । उनले भने, 'क्रान्ति भनेको संविधान र कानुनमा परिवर्तन, राज्य संरचनामा परिवर्तन हो। राजनीतिक प्रवृत्तिमा परिवर्तन, उत्पादन सम्बन्धमा परिवर्तन र सोचमा परिवर्तन भयो भने मात्र देश समृद्ध हुन सक्दछ।' युद्धकालका कमाण्डरसमेत रहेका उपराष्ट्रपति पुनले बाँकी पृष्ठ २ मा

# छाया सरकारको पहिलो बैठक भ्रष्टाचारीमाथि निगरानी गर्नु

**मध्यान्ह संवाददाता**
काठमाडौं ११ फागुन

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले बनाएको छाया सरकारको पहिलो मन्त्रिपरिषद् बैठक बसेको छ । सरकारका कामकारबाही नजिकबाट अध्ययन गरी खबरदारी गर्न कांग्रेसले छाया सरकार गठन गरेको थियो । कांग्रेसले २१ मन्त्रालय हेर्न आफ्ना सांसदलाई जिम्मेवारी दिँदै गत जेठ ६ गते 'छाया मन्त्रीमण्डल' बनाएको थियो। तर, कांग्रेसको छाया सरकार नै ओझेलमा पर्दै आएको छ ।

गठन भएको नौ महिनापछि आइतबार पार्टी संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको बैठकमा मन्त्रालय हेर्ने जिम्मेवारी पाएका संयोजक (छाया मन्त्री) ले प्रतिवेदन पेश गरेका थिए । सरकारले विगत नौ महिनामा गरेका कामकारबाहीबारे संयोजकहरूले सभापति शेरबहादुर देउवालाई प्रतिवेदनसमेत पेश गरेका छन् । बैठकमा अधिकांश संयोजक (छाया मन्त्री) ले सरकारका कामकारबाही जनहित विपरीत रहेकोले पार्टी शसक्त रूपमा प्रस्तुत हुनुपर्ने बताएका थिए ।

बैठकले सरकारका गतिविधि नजिकबाट नियाल्न संयोजक तथा सदस्यहरूलाई निर्देशन दिएको छ। कांग्रेस नेता सुरेन्द्रराज पाण्डेले मन्त्रालयमा हुने भ्रष्टाचारलगायत विषय खोजेर बाहिर ल्याउन निर्देशन दिइएको जानकारी दिए । उनले भने,'एकपछि अर्को भ्रष्टाचार बाहिर आइरहेका छन् । सूचना तथा प्रविधि मन्त्रालय अन्तर्गत हुन गएका भ्रष्टाचारहरू पछिल्लोपटक पर्दाफास भयो । मन्त्रालय हेर्ने जिम्मेवारी दिएका हाम्रा साथीहरूलाई यस्ता भ्रष्टाचार जस्ता क्रियाकलाप सबै मन्त्रालयमा हुन सक्छन् । त्यसलाई गहिरोसँग अध्ययन गर्नुपर्‍यो, खोज्नु पर्‍यो र ती घटनाहरूलाई बाहिर ल्याउनुपर्‍यो भनेर निर्देशन दिइएको छ ।'

आफूले जिम्मेवारी पाएका मन्त्रालयका बाँकी पृष्ठ २ मा



# महाकाली करिडोर : 'चर्चा धेरै काम थोरै'



**कञ्चनपुर/रासस-** एक दशकअघि निर्माण शुरु भएको महाकाली करिडोर चर्चामा धेरै आउने गरेको भए पनि त्यसको निर्माण गति भने सन्तोषजनक देखिएको छैन । कञ्चनपुरको ब्रह्मदेवदेखि महाकाली नदी किनार हुँदै दार्चुलाको तिङ्करसम्म करिब ४२५ किलोमिटर लम्बाइ रहेको करिडोरको निर्माण विभिन्न सरकारी प्रक्रियामा भइरहेको ढिलाइकै कारण बढी प्रभावित हुँदै आएको छ ।

सरकारले तराई क्षेत्रलाई हिमालसँग जोड्ने र नेपाल, भारत र चीनसितको त्रिदेशीय नाका तिङ्करसम्म व्यापार विस्तारका लागि महाकाली करिडोर सडक निर्माण योजनाको अवधारणा अगाडि सारेको हो ।

महाकाली करिडोर दार्चुला तिङ्कर सडक योजनाका प्रमुख अच्युतविलास पन्तले बितेको एक दशकमा करिडोरको ३२ प्रतिशत काम मात्रै सकिएको जानकारी दिए । 'विसं २०७९/८० मा सक्ने योजनाका साथ काम थालिएको थियो,' उनले भने, 'समयमै योजना सम्पन्न हुने सम्भावना न्यून छ ।'

करिडोरअन्तर्गत शुरुआत हुने कञ्चनपुरको ब्रह्मदेव क्षेत्रको १० किलोमिटर सडकको अझै ठेक्का हुन सकेको छैन । 'ब्रह्मदेव क्षेत्रमा जङ्गल पर्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन आउन ढिलाइ हुँदा ठेक्का गर्न सकिएन,' योजना प्रमुख पन्तले राससलाई भन्नुभयो, 'इआइए र विस्पोटक पदार्थको प्रयोग तथा व्यवस्थापन प्रक्रियाले अझै ३०० किलोमिटर ट्र्याक खोल्नै बाँकी छ ।'

उनले करिडोरअन्तर्गत यसअघि डडेल्धुरा, बैतडी र दार्चुलामा ठेक्का गरिएका दुई वटा पुल र ६ वटा ठेक्काको काम भने अन्तिम चरणमा रहेको जानकारी दिए । 'अहिले चलिरहेका ठेक्काको काम चालू आर्थिक वर्षभित्र सकिने सम्भावना धेरै छ,' उनले भने, 'एक सय २५ किलोमिटर सडकको ट्र्याक खुलेर यातायात सञ्चालनमा रहेको अवस्था हो ।'

योजना प्रमुख पन्तका अनुसार समयमा इआइए प्रतिवेदन नआउँदा नयाँ ठेक्का व्यवस्थापन गर्न मिल्दैन । यो वर्ष प्रर्याप्त बजेट हुँदा पनि इआइए प्रतिवेदनलगायत कारणले रकम फ्रिज जाने सम्भावना छ । चालू आवमा करिडोरका लागि पूँजीगतमा रु ३१ करोड बजेट रहेको छ । 'यो वर्ष पुरानो ठेक्काको रकम भुक्तानी गरेर करिब रु १५ करोडसम्म रकम खर्च हुन सक्छ,' उनले भने, 'अझै ५० प्रतिशत रकम फ्रिज जाने सम्भावना छ ।'

त्यसैगरी करिडोर निर्माणका क्रममा प्रयोग हुने विस्फोटक पदार्थ योजना कार्यालयले सिधै खरिद गर्न नपाउँदा अर्को समस्या आइलागेको पन्तको भनाइ छ । 'विस्फोटक पदार्थका लागि रक्षा मन्त्रालयबाट अनुमति लिनुपर्ने प्रावधान छ,' उनले भने, 'अनुमति लिने प्रक्रियाकै अल्झन हुनुका साथै समस्या आउछ ।' उनले विस्फोटक पदार्थका विषयमा सरकारले सहजता ल्याउनुपर्नेमा जोड दिए । 'विस्फोटक पदार्थ भण्डारको अनुमति नहुँदा बैतडीमा काम रोकिएको अवस्था छ,' उनले भने, 'यस्तैयस्तै कारणले पनि योजनाले गति पाउन नसकेको हो ।'

महाकाली करिडोरअन्तर्गत चार जिल्लामा ट्र्याक खोल्न तीन वर्षअघि रु ५२ करोडमा ठेक्का सम्झौता भएको थियो तर ट्र्याक खोल्नुपर्ने ठाउँमा चुरे पहाडका रुख पर्ने भएकाले इआइए प्रतिवेदन नआउँदा नै प्रभावित बन्यो ।

करिडोरको डडेल्धुरामा ११ किलोमिटर, दार्चुलामा ५२ किलोमिटर र बैतडीमा ६२ किलोमिटर गरी १२५ किलोमिटर ट्र्याक खोलेर सडक निर्माणको काम भइरहेको छ । आयोजनाले दार्चुलामा २१२, बैतडीमा १४४, डडेल्धुरामा ५८ र कञ्चनपुरमा ११ किलोमिटर सडक निर्माण गर्नुपर्नेछ ।

भीमदत्तनगरपालिका-९ ब्रह्मदेवका वडाध्यक्ष राम नाथले इआइए भइसकेको बताए । 'इआइए भएर सार्वजनिक सुनुवाइ जिल्लामा भइसकेको अवस्था हो,' उनले भने, 'वडा कार्यालयबाट ठेक्का प्रक्रिया थाल्न पहल गरेका छौं ।'

उनले इआइए प्रतिवेदनमै दुई वर्ष समय लागेको बताए । 'सात/आठ वर्ष पहिले नै ठेक्का भइसकेको थियो,' उनले भने, 'इआइए नभएकै कारण त्यो बेला काम अगाडि बढ्न सकेन ।' स्थानीय तहमा जनप्रतिनिधि आइसकेपछि इआइएका लागि पहल भएको उनको भनाइ थियो ।

# बेलायती शैक्षिक मेलामा विद्यार्थीको आकर्षण




**काठमाडौं/मस-** एसआई-युके नेपालको आयोजनामा भएको 'एसआइ युके' नामक अन्तर्राष्ट्रिय शैक्षिक मेलामा आइतबार करीब सात सय विद्यार्थीले निःशुल्क परामर्श लिएका छन् ।

आयोजक संस्थाका निर्देशक विनय अधिकारीले मेलामा अनुमान गरिएभन्दा धेरै विद्यार्थीको सहभागिता रहेको र संयुक्त अधिराज्य बेलायतका विश्वविद्यालयबाट आएका प्रतिनिधिसँग विद्यार्थीले प्रत्यक्ष परामर्शको अवसर पाएको जानकारी दिए । मेलामा सहभागी हुन विद्यार्थीलाई अनलाइन फारम उपलब्धता गराइएको थियो । मेलामा त्यहाँको शैक्षिक प्रणाली, छात्रवृत्ति, अध्ययनपछिको रोजगारीका अवसर र बेलायतको जीवनशैलीबारे पनि जानकारी दिइएको थियो । एसआइ युनेका अनुसार सन् २०१८ मा ३२ हजार नेपाली विद्यार्थीले बेलायतको विश्वविद्यालयमा भर्ना पाएका थिए ।

मेलाको उद्घाटन गर्दै पूर्वराज्यमन्त्री उदयशमशेर राणाले विद्यार्थीले अन्तर्राष्ट्रियस्तरको शिक्षामा लागि चाहिएको सूचना पाउनु उनीहरुको अधिकार भएकाले मेलाले उक्त अवसर दिएको बताए ।

एसआइ युकेको विश्वका विभिन्न २३ वटा देशमा शाखा सञ्जाल विस्तारित छ । एक सय २० विश्वविद्यालयसँग सहकार्य गरिरहेको सो संस्थाले बेलायत र आयरल्याण्डमा रहेका विश्वका विश्वविद्यालयमा अध्ययनका लागि परामर्श दिँदै आएको छ ।

# अनशनरत वडाध्यक्षको स्वास्थ्यावस्था जटिल

चितवन/रासस- पाँच दिनदेखि आमरण अनशन बसिरहेका माडी नगरपालिका-१ का वडाध्यक्ष कृष्ण पौडेलको स्वास्थ्य अवस्था जटिल बन्दै गएको छ । माडी नगरपालिकाका जनताका सरोकारका विषयलाई लिएर उनी फागुन ७ गतेबाट अनशनमा बसेका हुन् । उनको स्वास्थ्य अवस्थाको बारेमा आइतबार भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीसहितको टोलीले परीक्षण गरेको थियो ।

तिवारीका अनुसार उनको पिसाबमा क्रिटिनिनको मात्रा दुई नाघेको छ । सामान्य मानिसमा शून्य हुनुपर्ने क्रिटिनिनको मात्रा बढेको हो । त्यसैगरी शरीरमा चाहिने ग्लुकोजको मात्रा घटेपछि शरीरबाटै प्रोटिन र फ्याट टुक्रिएर ग्लुकोज बन्न थालेको उनले जानकारी दिए । त्यस्तै अक्सिजनको मात्रा घटेको, मुटुको चाल बढ्दै गएको र अनियमित बनेको छ ।

उनलाई कार्डियक मनिटरमा राखेर परीक्षण गर्ने तयारी गरिएको छ । तिवारीका अनुसार भरतपुर अस्पतालबाट मनिटर लगेर अनशनस्थल नजिकैको स्वास्थ्य चौकीमा जोडेर राख्ने तयारी गरिएको छ । चिकित्सक टोलीले बघौडा अस्पतालमा जान आग्रह गरेको भए पनि पौडेलले अस्वीकार गरेको उनले जानकारी दिए ।

पौडेललाई विशेषाज्ञ चिकित्सकको टोलीले हेर्नुपर्ने भएकाले भरतपुर अस्पताल ल्याउन सुझाव दिएको उनको भनाइ छ । तिवारीसँगै भरतपुर अस्पतालका डा प्रमोद पौडेल, मेट्रोन शान्ता भण्डारी र प्रयोगशालाका अनिल न्यौपानेले पौडेलको स्वास्थ्य परीक्षण गरेका थिए ।

आइतबार नै अनशनस्थलबाट स्थानीयले माग पूरा गर्न दबाब दिँदै मोटरसाइकल र्‍याली गरेका थिए । र्‍यालीको शुभारम्भ गर्दै नेपाली काँग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठले राज्यले पौडेलले राखेका माडीवासीसँग प्रत्यक्ष सरोकार राख्ने माग पूरा गरेर जीवनरक्षा गर्नुपर्नेमा जोड दिए ।

र्‍यालीले माडी क्षेत्रमा रहेका चार वडा मध्यवर्ती उपभोक्ता समितिमा पुगेर त्यहाँका कार्यालय बन्द गराएका छन् ।

# विभेद जारी रहे फेरी क्रान्तिको सुरुवात हुन्छ : उपेन्द्र यादव

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ११ फागुन

समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले विभेद जारी रह्यो भने फेरी क्रान्तिको सुरुवात हुने बताएका छन् । समाजवादी पार्टीको कपिलवस्तु आमा सभामा बोल्दै अध्यक्ष यादवले सरकारले मधेशी जनताको हक अधिकार अझै नदिए ठुलो क्रान्ति हुने बताएका हुन् ।

उनले सरकारलाई जवाफ दिनको लागि समाजवादी पार्टी अन्तरिक गृहकार्यमा जुटेको समेत बताए । उचित समय आएपछि मधेशका जनताहरुले सरकारलाई जवाफ दिने उनको भनाइ थियो । उनले भने, 'मधेशमा आझै नागरिकताको विभेद रहेको छ । धेरै नागरिकले आझै नागरिकता पाएका छैनन् ।'

नागरिकता नपाउने वास्तविक नेपालीहरु धेरै रहेको उल्लेख गर्दै उनले नेपाल बन्नुभन्दा धेरै अगाडिदेखि यहाँ बसोबास गर्ने थुप्रै नेपालीका सन्तानले नागरिकता पाउन नसकेको जिकिर गरे । 'नेपालमा धेरै ठूला माफियाहरुले नागरिकता पाए । यहाँका आदिवासीले भने नागरिकता पाएका छैनन्,' अध्यक्ष यादवले भने, 'पैसा र अनुहार हेरेर नागरिकतामा विभेद नगरियोस् ।'

आफूहरु विदेशीलाई नागरिकता दिनुहुन्न भन्ने पक्षमा रहेको भन्दै उनले लिने र दिने दुबैलाई कारबाही गर्नुपर्ने बताए । 'नेपाली नागरिकका सन्तान देशभित्र वा बाहिर जहाँ जन्मे पनि नागरिक नै हुन् । जबसम्म नागरिकता त्याग्दैन, उ नेपाली नागरिक नै हो' उनले भने, 'कुनै पनि व्यक्तिलाई राज्य र राष्ट्रियता विहीन बनाउनु ठूलो अपराध हो । जालीझेली नागरिकता ऐनलाई सच्याउनुपर्छ ।'

नागरिकतामा लैंगिक असमानता रहेको पनि उनको भनाइ थियो । महिला र पुरुषका निम्ति एउटै कानून हुनुपर्ने अध्यक्ष यादवले बताए । नागरिकताका विषयमा संविधान त्रुटीपूर्ण भएको उनको दाबी छ । जन्म दिने आमाको नागरिकता देखाएर छोराछोरीले नागरिकता लिन पाउनुपर्ने उनले बताए । त्यस्तै अध्यक्ष यादवले अहिलेको सरकार पूर्ण रुपामा असफल भएको बताए । उनले सरकारको काम, कारबाही सबै भ्रष्टचारीले चलाएको बताए । कम्युनिष्टहरुको सरकार आएसँगै भ्रष्टचार बढदै गएको उनको भनाइ छ । उनले नेपाललाई सुखी नेपाली समृद्ध नेपाल बनाउने अभियान चलाए पनि दुखी नेपाली दरिद्र नेपाल बनाउने प्रयासमा सरकार लागेको अरोप लगाए । अध्यक्ष यादवले दलित, जनजाती, महिला, पिछडीएको वर्गलाई हक अधिकार नदिए आफ्नो पार्टी सरकारसँग लड्न र अन्दोलन गर्न तयार रहेको बताए ।

## वामदेव...

छन्, 'मैले बुझे अनुसार नेकपाले औपचारिक रूपमा कुनै कार्यदल बनाएको छैन । छलफल हुनु र निर्णय हुनु फरक कुरा हो । बैठकमा उठेका कुरालाई 'स्रोत' हरूले आफू अनकूल प्रचार गराएर वातावरण उत्तेजित नबनाएको राम्रो ।' माघ १९ मा सकिएको केन्द्रीय कमिटी बैठकबाट गौतमलाई उपाध्यक्ष बनाउने निर्णय गरेपनि व्यक्तिका लागि पार्टी विधान र देशको संविधान संशोधन गर्न नहुने अधिकांश केन्द्रीय सदस्यहरुले अडान लिएका थिए ।

## १५ दिनभित्र...

विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो । विशेष अदालतले म्याद जारी गरेकामा तत्कालीन भूमिसुधार मन्त्री डम्बरकृष्ण श्रेष्ठदेखि तत्कालीन भूमिसुधार सचिव छविलाल पन्तसम्म छन् ।

अख्तियारले एक सय १० जना विरुद्ध जग्गा अनियमितता संलग्न रहेको भन्दै दण्ड जरिवाना र विगो दाबी गर्दै रिट दायर गरेको छ । त्यस्तै, ६५ जनाविरुद्ध भने अनियमितताामा संलग्न नभए पनि उनीहरुको नाममा जग्गा रहेकाले जग्गा फिर्ताको मात्र माग गरिएको छ । विशेष अदालतले ललिता निवास प्रकरणमा मुछिएका ५४ जनाको नाममा म्याद जारी गरेको छ । तत्कालीन भूमिसुधार मन्त्री डम्बर श्रेष्ठ, भूमिसुधार सचिव छविलाल पन्त, इन्जिनियर राजेन्द्रमान श्रेष्ठ, नापी कार्यालय, डिल्लीबजारका तत्कालीन नापी अधिकृत कमल घिमिरे, सर्भेक्षक देवबहादुर लामिछाने, अमिन भरतचन्द्र अर्याल, नापी अधिकृत जनकबहादुर भण्डारी, मालपोत अधिकृत हुपेन्द्रमणि केसी, भूमिसुधार अधिकारी शंकरप्रसाद सुवेदी, प्रमुख मालपोत अधिकृत प्रेमबहादुर खापुङका नाममा म्याद जारी भएको छ ।

त्यस्तै, तत्कालीन सहसचिव जितबहादुर थापा, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन नायब सुब्बा टंकनाथ पौडेल, भूमिसुधार तथा व्यवस्था विभागका पूर्व निर्देशकहरू पुष्पराज उपाध्याय, रुद्रकुमार श्रेठ र मुकुन्द आचार्य, मालपोत कार्यालय डिल्लीबजारका पूर्व प्रमुखहरू टीकाराम घिमिरे र कलाधर देउजा, शाखा अधिकृत इन्द्रप्रसाद ढुङ्गाना, सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, नायब सुब्बा टीकाबहादुर बिसी, अंगुरकुमार सिग्देल, केदारप्रसाद श्रेष्ठ, युक्तप्रसाद श्रेष्ठ, जगतप्रसाद पुडासैनी र खरिदार जीवनाथ पोखरेल लगायतका नाममा म्याद जारी भएको छ ।

त्यस्तै, समरजङ्ग कम्पनीका पूर्व प्रमुख अर्जुनप्रसाद भण्डारीका नाममा पनि म्याद जारी भएको खड्काले जानकारी दिए । प्रतिवादीहरूलाई म्याद तामेल भएको १५ दिनभित्र अदालतमा उपस्थित हुन भनिएको उनले बताए । म्याद गुज्रेको १५ दिनसम्म प्रतिवादीले म्याद थमौती गर्न भने सक्नेछन् । अदालतले म्याद जारी गरेका मुकुन्दप्रसाद आचार्य र युक्त श्रेष्ठको भने निधन भइसकेको छ । मृत्यु भइसकेको व्यक्तिको हकमा जरिवाना र कैद सजाय स्वतः मिनाहा हुने भए पनि विगो भने ठहर्न सक्छ । विगोदाबीका बारेमा भने हकवाला अदालतमा आउनुपर्ने हुन्छ ।

## भ्रष्टको...

आफू सात वर्षपछि थबाङ आएको सन्दर्भ उठाउँदै भने, 'थबाङमा केही विकासका काम भएको रहेछ । शैक्षिक क्षेत्रमासमेत सकारात्मक पहल भएको पाएँ ।'

शिक्षा क्षेत्रको विकासले मात्र देशको विकासमा टेवा पुग्ने भन्दै उपराष्ट्रपति पुनले रोल्पाबाट विगतको युद्धमा धेरैको रगत बगेको स्मरण गरे । सबैभन्दा बढी मानवीय क्षति भएको रोल्पा र विगतमा युद्धको गढ मानिने थबाङले परिवर्तनमा ठूलो योगदान गरेको समेत बताए ।

## छाया...

राम्रारनराम्रा कामबारे सांसदहरूले बैठकमा जानकारी गराएको उनले बताए । उनले भने ' यो पहिलोपटक समीक्षा बैठक बसेको हो । अब हरेक महिना बैठक बस्छौं । मन्त्रालयहरूमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप राम्रोसँग खोज्नुर्पयो भन्नेमा यो बैठकले जोड दिएको छ ।' सरकारले नीतिगत रूपमा ल्याउने विधेयकहरूमा पनि चनाखोपूर्वक सहभागिता जनाउने र पार्टीगत धारणा राख्न पनि निर्देशन दिइएको छ । उनले भने 'सम्बन्धित मन्त्रालय अन्तर्गत बनेका विधेयक छन् भने ती विधेयक कस्ता आएका छन्? त्यसमा पार्टीको धारणा के हो अलि चनाखो भएर काम गर्न भनेका छौं ।'

## समयमै ...

सामान्य गाइडलाइनपछि उपलब्ध गराइने बताएको छ ।

वैदेशिक रोजगार विभागले भने प्रयोगमा ल्याएको प्रणालीबाट मागपत्र अपलोड गर्न साउदी अरबस्थित नेपाली दूतावासले पटकपटक प्राविधिक समस्या उत्पन्न भएको बताउँदै आएको छ ।

यसअघि गत माघ १७ गते साउदी अरबस्थित रोजगारदाता कम्पनीहरूको विवरण विभागले ह्याण्डिल गरेको सूचना प्रणालीमा प्रविष्ट नभएको कारणले मागपत्र प्रमाणित गर्न समस्या भएको भन्दै साउदीस्थित रोजगारदाता कम्पनीको विवरण वैदेशिक रोजगार विभागको प्रणालीमा अध्यावधिक गर्न म्यानपावर कम्पनीहरूलाई आग्रह गरेको थियो ।

खाडीस्थित नेपाली दूतावासहरूले सहज सेवा नदिएपछि वैदेशिक रोजगार व्यवसायीहरूले प्रमाणीकरण गरिएको डिमाण्ड कुरियरमार्फत नेपाल ल्याई आफैंले डिजिटल हस्ताक्षर गरी प्रमाणित गरेर प्रणालीमा अपलोड गर्ने गरेका छन् । तर व्यवसायीहरू आफैंले डिजिटल हस्ताक्षर गरी अपलोड गरेका मागपत्रमा स्क्यानिङ गर्दा प्रष्टसँग कलर नआएको भन्दै थप समस्या सिर्जना भएको दाबी व्यवसायीहरूले गरेका छन् ।

दूतावासले निरन्तर समस्या देखाए नेपाल आउने डिमाण्ड अन्यत्रै डाइभर्ट हुने चेतावनी वैदेशिक रोजगार व्यवसायीहरूले दिएका छन् । उनीहरूले पटकपटक वैदेशिक रोजगार विभागको ध्यानाकर्षण समेत गराउने गरेका छन् ।


## QATAR मा रोजगारको अवसर

१. कम्पनी : NINOS MART WLL
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१६ | चलानी नं.: ६०१५०८३३ | LT. No.: 231948 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker (Male) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier (Male) | 1 | 0 | | 1500 | ४७,११५ | | | | | | | |
| 3. | Electronics Tech. | 1 | 0 | | 1300 | ४०,८३५ | | | | | | | |
| 4. | Salesman (Male) | 3 | 0 | | 1300 | ४०,८३५ | | | | | | | |
| 5. | Driver | 1 | 0 | | 1800 | ५६,५४० | | | | | | | |

२. कम्पनी : DISCOVERY BUSINESS GROUP
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ | चलानी नं.: ६०१५०३१५ | LT. No.: 230866 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 9 | स. काममा दक्ष | 900 | २८,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १९ गते (2 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पर्देर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Perfect Recruiting Service Pvt. Ltd.**
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 4350764, 4387640, Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/१५ मा दर्ता भएको **प्रा.लि. नं. १०६३१६** को **शिरनेथ ईन्टरनेशनल फिल्मस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०९३७** को **टेरला प्याथोलोजी ल्याव प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०५८/११/०९ मा दर्ता भएको **प्रा.लि. नं. १८००६** को **लिगल एडभाइस एण्ड रिसर्च सेन्टर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**खाबाङबगर, रूकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०७६/११/१२

यस गाउँपालिका अन्तर्गतका ट्रस ब्रिजहरु निर्माणका लागि आवश्यक पर्ने स्टिल पार्टस् खरिदका लागि कार्यालयबाट मिति २०७६।०९।०१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तथा तथा मिति २०७६।१०।०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा पुनः प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रमध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) अनुसार जानकारी गराउन र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदातालाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कबोल अङ्क रु (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| SB01/FAB/2076/077 | कानखा ट्रस ब्रिजको फेब्रिकेशन पार्टस् खरिद तथा ढुवानी | जुनकिरी इन्डष्ट्रिज प्रा.लि. बुटवल | १२,८७,८३९।०९ | |
| SB02/FAB/2076/077 | चोरकाटे ट्रस ब्रिजफेब्रिकेशन पार्टस् खरिद तथा ढुवानी | जुनकिरी इन्डष्ट्रिज प्रा.लि. बुटवल | १०,०५,४२९।९६ | |
| SB03/FAB/2076/077 | मुलबाङ ट्रस ब्रिजफेब्रिकेशन पार्टस् खरिद तथा ढुवानी | जुनकिरी इन्डष्ट्रिज प्रा.लि. बुटवल | १०,३२,०८४।३७ | |
| SB04/FAB/2076/077 | बाखेखोर ट्रस ब्रिजफेब्रिकेशन पार्टस् खरिद तथा ढुवानी | जुनकिरी इन्डष्ट्रिज प्रा.लि. बुटवल | ६,५२,६२२।९० | |

**प्रमुख प्रशासकिय अधिकृत**



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

**Receptionist - 1 Female** | **तलब आपसी सहमतिमा**

**+2 Pass** अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न जानेका र कम्प्युटर सम्बन्धी ज्ञान हुनु पर्नेछ । मेनपावर क्षेत्रमा २ बर्षको अनुभव भएको हुनुपर्नेछ ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
साविकको नामः रिजा ह्युमन रिसोर्स प्रा. लि.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल
फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

# ‘जनतालाई सुविधा दिनु सरकारको प्रमुख लक्ष्य’

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले तीव्र विकासमार्फत जनतालाई सुविधा उपलब्ध गराउन सरकार लागिपरेको बताएका छन् । आफ्नो जन्मदिन मनाउन पाँचथर पुगेका प्रधानमन्त्री ओलीले पाँचथरको कुम्मायक गाउँपालिका, यासोकमा बृहत् पम्पिङ खानेपानी आयोजना तथा विद्युतीकरणको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले तीव्रताका साथ विकासका काम अघि बढाउनु नै सरकारको मुख्य लक्ष्य रहेको बताए।

प्रधानमन्त्री ओलीले पूर्वी नेपालमा ठूला सडक आयोजनासहित तमोर जलाशययुक्त आयोजना निर्माणमा सरकारले ध्यान दिएको बताए । ‘विकास, बिजुली, बाटो, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी यिनै कुराहरुसँग जनताको सुखसुविधा जोडिएको छ,’ प्रधानमन्त्री ओलीले भने, ‘यिनै कुरामा हाम्रो ध्यान गएको छ ।’

प्रधानमन्त्री ओलीले खानेपानी आयोजना सञ्चालनका लागि विद्युत् महसुलमा छुट दिन आफू सकारात्मक रहेको बताए । प्रधानमन्त्री ओलीले सुखसुविधा पुगेका स्थानलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न स्थानीयवासीलाई आग्रह गरे । ‘उता हपहप गर्मी भएका बेला यहाँको शीतल हावा खान तराईका सबै मानिसहरु आउँछन्,’



प्रधानमन्त्री ओलीले भने, ‘तपाईंहरुले त्यस खालको वातावरण निर्माण गर्नुहोस् ।’

प्रधानमन्त्री ओलीले तीव्रताका साथ विकासका काम अघि बढाउनु नै सरकारको मुख्य लक्ष्य रहेको बताए । आफू झण्डै ५० वर्षअघि यासोक र रानीगाउँ क्षेत्रमा हिँडेको स्मरण गर्दै प्रधानमन्त्री ओलीले सबै क्षेत्रको विकास सरकारको उत्तिकै प्राथमिकतामा परेको बताए । ‘हाम्रो काम सकेसम्म देशको विकास र जनतालाई सहुलियत दिने हो,’ प्रधानमन्त्री ओलीले भने। प्रधानमन्त्री ओलीले टाढाबाट कम्मरमा पानी बोकेर ल्याउनुपर्ने पीडा र दुःखसँग आफू साक्षात्कार रहेको बताउँदै मोटरबाटो, विद्युत, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन सरकारले दूरगामी महत्वका आयोजना अघि बढाएको बताए ।

सो अवसरमा प्रधानमन्त्री ओलीलाई सहभागीले उनको ६९औँ जन्मदिनको सामूहिक शुभकामना व्यक्त गरेका थिए। शुभकामना व्यक्त गर्ने सबै सहभागीलाई प्रधानमन्त्री ओलीले धन्यवाद ज्ञापन गरे । उनले आफ्नो उपचारमा सहयोग गर्ने डा रमेशसिंह भण्डारी, डा दिलीप शर्मालगायतलाई धन्यवाद ज्ञापन गर्दै सहभागीमाझ परिचय गराएका थिए ।

कार्यक्रममा खानेपानीमन्त्री विना मगरले मुलुकभर खानेपानीको व्यवस्थापन चुनौतीपूर्ण रहेको बताउँदै समृद्धिका लागि स्वच्छ खानेपानीको उपलब्धत गराउन सरकार प्रयत्नशील छ भने । ‘खानेपानी दैनिकीसँग जोडिएको अत्यावश्यक विषय रहेकाले यसको सही व्यवस्थापनलाई पहिलो खुड्किलोका रुपमा लिएका छौँ,’ मन्त्री मगरले भने, ‘ठूला खानेपानी आयोजनाहरुलाई सफल बनाउन विशेष ध्यान दिएका छौँ।’ उनी खानेपानी आयोजनाहरुको विस्तार र सुधारमा समेत सरकारले सहयोग गर्ने बताए। सो अवसरमा नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले समेत धारणा राखेका थिए ।

**यासोक सुक्खा क्षेत्र तमोर पम्पिङ खानेपानी आयोजना उद्घाटन**

प्रधानमन्त्री ओलीले चार वर्षअघिदेखि निर्माण शुरु भई हालैदेखि सञ्चालनमा आएको यासोक सुक्खा क्षेत्र तमोर पम्पिङ खानेपानी आयोजनाको उद्घाटन गरेका हुन् । आइतबार कुम्मायक गाउँपालिका-१ यासोक बजारमा खानेपानी धाराको टुटी खोल्दै प्रधानमन्त्री ओलीले आयोजनाको उद्घाटन गरेका हुन्।

खानेपानीका मुहान सुक्दै गएपछि साबिक यासोक, स्यावरुम्बा र रानीगाउँ गाविसका लागि आर्थिक वर्ष २०७२/७३ देखि बृहत् पम्पिङ खानेपानी आयोजना निर्माण शुरु भएको थियो । ती गाविसलाई सरकारले २०६८ सालमै सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । रु ५१ करोड ३० लाख २० हजारको लागतमा निर्माण भएको आयोजनाबाट १३ हजार २६६ स्थानीयवासी लाभान्वित हुने सरकारी तथ्यांक छ। कुम्मायक-५ स्यावरुम्बाको लुमुघाटबाट तमोर नदीको पानी एक हजार ४३४ मिटर उचाइमा रहेको यासोक बजारसम्म पुऱ्याई खानेपानी वितरण शुरु गरिएको छ। विद्युतीय पम्पिङ प्रविधिको प्रयोग गरी लुमुघाटबाट सात स्थानमा रहेका पम्पिङ स्टेशन (ट्याङ्की)को सहायताले डाँडासम्म पानी पुऱ्याइएको हो ।

प्रतिसेकेन्ड २०.३ लिटर पानी झार्ने आयोजनाको लक्ष्य छ। आयोजनाको प्रसारण लाइनतर्फ मुहानमा एउटा ट्याङ्की एक, पम्पिङ स्टेशन सात, खोल्सा क्रसिङ र कार्यालय भवन एकएक, पानी ट्याङ्की ११ र चौकीदार घर १० निर्माण गरिएको खानेपानी मन्त्रालयका सचिव माधव बेल्वासेले जानकारी दिए। प्रसारण लाइनतर्फका संरचना गत वर्ष नै निर्माण भइसकेका थिए । तमोर नदीबाट डाँडासम्म पानी ल्याउने प्रसारण लाइन १७.४ किलोमिटर तथा वितरण पाइपलाइन १९२.५१ किलोमिटर रहेको सचिव बेल्बासेले जानकारी दिए । वितरण लाइनतर्फ अग्नि नियन्त्रक १५, खोल्सा क्रसिङ ३४ र भल्भ च्याम्बर ११५ छन् ।

# आज ग्याल्बो ल्होसार

**काठमाडौं/मस-** प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्बो ल्होसार विविध कार्यक्रम आयोजना गरी सोमबार (आज) मनाइँदैछ । नयाँ वर्षका रूपमा शेर्पा समुदायले २१४७औं ग्याल्बो ल्होसार मनाउन लागेका हुन् ।

मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा ग्याल्बो ल्होसारलाई विभाजन गरिएको छ । बराह वर्ष पूरा भई सोमबारदेखि मुसा वर्ष शुरु हुने शेर्पा जातिको संस्कृतिका सम्बन्धमा खोज गरिरहेका टीका शेर्पाले जानकारी दिए ।



ग्याल्बो ल्होसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्यरूपमा मनाइन्छ । ग्याल्बो ल्होसार भोटका नवौं राजा उदे गुंग्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन शुरु गरिएको हो । समयक्रममा ग्याल्बो ल्होसार नामकरण भएको अनुसन्धाता शेर्पाले सुनाए ।

विगतमा हिमाली क्षेत्रका १२ जिल्लामा मनाइने ग्याल्बो ल्होसार हाल २२ जिल्लामा मनाइन्छ । शेर्पा जातिको बसाइसराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो । पुस १५ मा गुरुङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले पनि सोनाम ल्होसारका नाममा यो पर्व मनाउँछन् ।

# बाल अधिकारबारे प्रतिवेदन तयार पार्दै बालबालिका

**काठमाडौं/मस-** नेपालमा बाल अधिकारको अवस्थाबारे बालबालिकाहरुकै नेतृत्वमा प्रतिवेदन तयार पार्न लागिएको छ। कन्सोर्टियम नेपालको आयोजनामा आइतबार राजधानीमा शुरु भएको दुई दिने राष्ट्रिय कार्यशालाबाट प्रतिवेदन तयार पार्न लागिएको हो।

‘बालबालिकाको नेतृत्वमा तयार हुने विश्वप्यापी आवधिक समिक्षा (तेस्रो चक्र) प्रतिवेदन सम्बन्धी राष्ट्रिय कार्यशाला’ बाट राष्ट्रसंघको मानवअधिकार परिषद्मा पेश गरिने प्रतिवेदन तयार पार्न लागिएको सन्सोर्टियम नेपालका अध्यक्ष किरण थापाले जानकारी दिए। उनले कार्यशालामा ७ वटै प्रदेशबाट बालबालिकाको प्रतिनिधित्व भएको जानकारी दिए । राष्ट्रिय कार्यशाला गर्नुअघि प्रत्येक प्रदेशमा पनि कार्यशाला आयोजना गरिएको र त्यहाँबाट प्राप्त सुझावलाई समेटेर एकीकृत प्रतिवेदन तयार गर्न लागिएको उनले जानकारी दिए ।



आइतबार राजधानीमा महिला बालबालिका तथा ज्यष्ठ नागरिक तथा समाज कल्याणमन्त्री पार्वत गुरुङले कार्यशालाको उद्घाटन गरे। कार्यशाला उद्घाटन गर्दै मन्त्री गुरुङले सरकारले बालअधिकारको हक हित संरक्षण हुने गरी नीति तथा ऐन बनाउन प्रतिवद्ध रहेको बताए। उनले प्रतिवेदन तयार पार्दा समस्या समाधान हुने गरी बनाउनुपर्ने बताए । उनले सकेसम्म राष्ट्रिय मानवअधिकार आयोग, सरकार र नागरिक समाजकातर्फबाट राष्ट्रसंघमा पेश हुने प्रतिवेदनमा एकरुपता हुनुपर्ने बताए ।

कार्यक्रममा प्रतिनिधिसभा अन्तर्गत राज्य व्यवस्था समितिकी सभापति शशी श्रेष्ठले नेपालमा सरकार र नागरिक समाजबीच अधिकारको क्षेत्रमा निकै सौहार्द सम्बन्ध रहेको बताइन् । उनले सकेसम्म देश भित्रको समस्या देशभित्रै समाधान गर्नुपर्ने भन्दै अन्तिममा मात्र विश्वव्यापी गर्नुपर्ने बताइन्। उनले हाल सकारका नीति तथा नियमहरु बालअधिकार मैत्री रहेकोसमेत दावी गरिन् ।

कार्यक्रममा बालबालिकाका तर्फबाट प्रदेशहरुबाट प्राप्त भएको सुझावहरु बालक टोलबहादुर राना र निरुता तिमिल्सेनाले प्रस्तुत गरेका थिए । उनीहरुका अनुसार विद्यालय शिक्षा, खेलकुद, जातीय हिंसा, लैगिंक हिंसाका समस्या बालबालिकामा पनि रहेका छन् ।

# वृद्धा बलात्कारको आरोपमा मुद्दा

**उदयपुर/मस-** उदयपुर जिल्लाको कटारी नगरपालिकामा वृद्धालाई बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय कटारीले दुई जनालाई पक्राउ गरी अनुसन्धानपछि आइतबार म्याद थप गरेर मुद्दा चलाएको छ। बलात्कार गरेको कसुरमा पक्राउ गरेर मुद्दा दर्ता गरिएकामा कटारी नगरपालिका-३ का ४० वर्षीय वंश सदा र अर्का २३ वर्षीय मनोज सदा रहेको इलाका प्रहरी कार्यालय कटारीका प्रमख प्रेमसागर केसीले बताए ।

शुक्रबार दुवै जनाले जङ्गल नजिकै महिलालाई घर फर्कंदै गरेको अवस्थामा भेटेपछि पक्रेर बलात्कार गरेको पीडित परिवारलाई उद्धृत गर्दै प्रहरीले बताएको छ। घटना लगत्तै पीडितका परिवारले प्रहरीमा जाहेरी दिएपछि शनिबार दुवैलाई पक्राउ गरेर अनुसन्धान शुरु गरिएको र आइतबार म्याद थप गरेर बलात्कारसम्बन्धी मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय कटारीका प्रमुख केसीले बताए । महिलाको कटारी अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि विराटनगर रिफर गरिएको पनि प्रहरीले बताएको छ ।

# श्रीमतीसँग अनैतिक सम्बन्ध राख्दा बाबुको हत्या

**रौतहट/मस-** माघ २८ गते राति राजकुमार पण्डित दुर्गाभगवती-३ देवीपर्सा गाउँछेउमा रहेको गोठमा पुगे। जहाँ उनका बाबु ७० वर्षीय फेकन पण्डित सुतिरहेका थिए। हथौडासहित राति ३:३० बजेतिर गोठमा पुगेका राजकुमार बाबुमाथि एकाएक आक्रमण गर्न थाले।

बाबुको टाउको र अनुहारमा पटक-पटक प्रहार गरेका उनले पछि गोठमै राखिएको घाँस काटने धारिलो हतियारले अनुहारमा प्रहार गरे । लगातार गरिएको आक्रमणका कारण बाबु फेकनको घटनास्थलमै मृत्यु भयो।

उनले राति बाबुमाथि आक्रमण गर्नुको कारण थियो- आफ्नो श्रीमतीसँग बाबुको अनैतिक सम्बन्ध रहेको आशंका । श्रीमतीसँग अनैतिक सम्बन्ध राखिरहेको अवस्थामा फेला पारेको भन्दै राजकुमार हत्या गर्न पुगे । बाबुको हत्या गरेर उनी



कपडा फेरेर पुनः घरमै गएर सुतेका थिए । त्यसपछि विहान ५ बजेतिर बाबुको हत्या भएको भन्दै प्रहरी र गाउँले गुहारे ।

घटना भएलगतै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी रबिराज खडकाको नेतृत्वमा कुकुरसहित घटनास्थलमा पुगेको प्रहरी टोलीले घटनाको सुक्ष्म रुपमा अनुसन्धान सुरु गरेको थियो ।

घटनाबारे अनुसन्धान गर्न प्रहरी निरिक्षक नविनकुमार सिंहको नेतृत्वमा ५ सदस्यीय टोली समेत गठन गरेको थियो। घटनामा राजकुमारको संलग्नता देखिएपछि प्रहरीले उनलाई नियन्त्रणमा लियो ।

प्रहरीले आइतबार पत्रकार सम्मेलन गरेर सो घटना सार्वजनिक गरेको छ। बाबुको हत्या संलग्न रहेको भन्दै प्रहरीले पक्राउ गरी थप अनुसन्धान थालेको प्रहरी प्रवक्ता डिएसपी नविन कार्कीले बताए ।

अभियुक्त पण्डितमाथि ज्यान सम्बन्धी मुद्धा दर्ता गरी जिल्ला अदालत गौरबाट ५ दिनको म्याद थमाई थप अनुसन्धान सुरु गरिएको प्रवक्ता कार्कीले बताए । आफुले आवेशमा आएर सो घटना घटाएको राजकुमारले स्वीकार गरेका छन् ।

# सवारी दुर्घटनामा २० घाइते

**तनहा/मस-** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलाबारीमा आइतबार बिहान भएको बस दुर्घटनामा २० यात्रु घाइते भएका छन् । दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको ना ७ ख २०६ नं को बस र विपरित दिशाबाट आउँदै गरेको ना ५ ख २८५६ नं को बस एकापसमा ठक्कर खाँदा दुवै बसमा सवार २० यात्रु घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घाइतेमध्ये तीन जनालाई भरतपुरस्थित चितवन मेडिकल कलेज र एक जनालाई थप उपचारको लागि पोखरा पठाइएको प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिए। अन्य घाइतेको दमौलीस्थित रत्नहरि र एपोलो अस्पतालमा उपचार भइरहेको छ। तीव्र गतिमा आएको ना ५ ख २८५६ नं को बसले गलत दिशामा आएर अर्को बसलाई ठक्कर दिएको थियो। दुर्घटनापछि अवरुद्ध भएको सडक केहीबेर पछि सुचारु भएको थियो।

# कुखुरा फार्ममा आगलागी हुँदा १० लाख क्षति

**कञ्चनपुर/मस-** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-४ असैनामा रहेको कुखुरा फार्ममा आगलागी हुँदा रु १० लाख बढीको क्षति भएको छ। स्थानीयवासी किष्ना भण्डारीले सञ्चालन गर्दै आउनुभएको सो फार्ममा शनिबार विद्युत् चुहिएर आगलागी हुँदा बेच्न तयारी अवस्थाका राखिएका चार हजार कुखुरा र तीन हजार चल्ला जलेर नष्ट भएको हो ।

कमाइ खाने सहारा फार्म मात्र भएको बताउँदै उनले भने, ‘जलेपछि निकै ठूलो घाटा व्यहोर्नुपरेको छ, पुनः फार्म सञ्चालन गर्ने पूँजी छैन, परिवारको खर्च केले चलाउने भन्ने पिरलो छ ।’ आगो स्थानीय बासिन्दा, दमकल र प्रहरीको सहयोगमा नियन्त्रणमा आएको थियो ।

भण्डारीले सात वर्षदेखि सो व्यवसाय गर्दै आएका थिए । नगरप्रमुख दिलबहादुर ऐरलगायतका जनप्रतिनिधिले फार्मको अनुगमन गरी क्षतिपूर्तिका लागि पहल गर्ने अश्वासन दिए ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम भर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्पर्क गर्नुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाइन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Bal Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



HK
Cleaners/House Keeping/ Laundry man, Room boy

KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

# सम्पादकीय

## संविधान संशोधनको घातक नियत

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले बरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको संयोजकत्वमा संविधान संशोधनका लागि गृहकार्य गर्न कार्यदल गठन गरेको जनाइएको छ। आइतबार बसेको सचिवालय बैठकले नेता नेपालको संयोजकत्वमा सुवास नेम्वाङ र खिमलाल देवकाटा सदस्य रहेको संविधान संशोधन कार्यदल गठन गरेको हो। तर, यसको औपचारिक पुष्टि भने नेकपाले गरेको छैन। सार्वजनिक चर्चामा आएअनुसार, पार्टी उपाध्यक्ष बामदेव गौतमको माग पुरा गर्न संविधान संशोधन गर्ने उद्देश्यले कार्यदल बनेको हो। गौतमले राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्न सक्ने संवैधानिक व्यवस्था हुनुपर्ने माग राख्दै आएका थिए। गएको माघ ९ गते सम्पन्न राष्ट्रियसभा निर्वाचनमा उम्मेद्वार बन्न अस्वीकार गरेका गौतमलाई अहिले मनोनित गर्न संविधान संशोधन प्रक्रिया अगाडि बढाइको जनाइएको छ।

यदि यो सत्य हो भने नेकपाले अगाडि बढाएको यो प्रक्रिया गैरलोकतान्त्रिक मात्रै नभएर अस्थीरताको बिजारोपण समेत हो। लोकतन्त्रको महत्वपूर्ण एक प्रक्रिया आवधिक निर्वाचन हो। आवधिक निर्वाचनमा जनताद्वारा अनुमोदित व्यक्तिलाई देशको व्यवस्थापकीय जिम्मेवारी दिइन्छ। तिनै व्यक्तिले जनताको आवश्यकताअनुसार, कानून निर्माण र देश सञ्चालन गर्ने कार्यकारी निकायको नेतृत्व चयन गर्दछ। तर, वामदेव गौतम २०७४ को निर्वाचनबाट पराजित व्यक्ति हुन्। गौतमसँग अर्को निर्वाचनमा फेरि जनताबीच जाने अधिकार छ। तर पाँच वर्षका लागि उनलाई संसद बाहिर रहने जनादेश हो।

तिनै व्यक्तिको चाहना अथवा रहर पुरा गर्न नेकपाले जस्तो कदम चाल्दैछ, यो लोकतन्त्रको खिलाफ मात्रै होइन, अपमान पनि हो। किनभने, जनताद्वारा पाँच वर्षका लागि पराजित गौतमलाई राष्ट्रियसभामा मात्रै लगिदै छैन्, कार्यकारी प्रमुखकै ढोका खोल्नेगरी संविधान संशोधन गर्ने गृहकार्य अगाडि बढाइदैछ। पक्कै बामदेव गौतम राजनीतिक परिवर्तनका ठूलो नाम हो। तर, यसको अर्थ एउटा व्यक्तिको लागि सिंगो संविधान परिवर्तनले गणतान्त्रिक प्रणालीमाथि समेत गम्भीर प्रश्न उठाउने छ। उपाध्यक्ष गौतमको माग पूरा गर्न राष्ट्रियसभाको सदस्य पनि प्रधानमन्त्री बन्न सक्ने व्यवस्था गर्न संविधान संशोधनका लागि अर्को दलसँग साझेदारी गर्न आवश्यक छ। नेकपाले राष्ट्रियसभामा सहकार्य गरेको दल राष्ट्रिय जनता पार्टी (राजपा) त्यसका लागि उपयुक्त दल देखिन्छ। किनभने, राजपाको माग समेत संविधान संशोधन नै रहेको छ। तर, वर्षौंसम्म मधेशी जनताले माग गर्दा संविधान संशोधन नहुने तर, कुनै नेता विशेषको इच्छा पुरा गर्ने गृहकार्यले देशमा नयाँ संकटको निम्तो दिने निश्चित छ। पार्टी अध्यक्ष केपी शर्मा ओली नै प्रधानमन्त्री रहेका बेला गौतमलाई प्रधानमन्त्री बन्नसक्नेगरी राष्ट्रियसभा सदस्य किन चाहियो ? त्यसैले सामान्य राजनीति बुझेकाले पनि यो कदमले राजनीतिक अस्थीरता निम्त्याउने, गणतन्त्रलाई कमजोर बनाउने र मुलुकलाई अग्रगति नभएर अधोगतितर्फ लैजाने अनुमान गर्न सक्छन्।

# नेपालको कृषिक्षेत्रमा भारतीय बजेटको प्रभाव



■ मधुसूदन घिमिरे

> “ सन् २०२५ सम्ममा गाईभैंसीको खोरेत र ब्रुसेलोसिस रोग तथा बाखाको पीपीआर रोग उन्मूलन गर्ने योजना तथा ५ करोड ३५ लाख मेट्रिक टन दूध प्रसोधन गर्न सक्ने हालको राष्ट्रिय क्षमतालाई सन् २०२५ सम्ममा १० करोड ८० लाख मेट्रिक टनमा पुऱ्याउने योजना लिइएको छ।

भारत सकारको आ.व. २०२०/२१ का लागि फेब्रुअरी १ का दिन केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले ३ लाख ४ हजार २ सय २३ करोड भारुको बजेट सार्वजनिक गरेकी छिन्, जसमध्ये भारतको कृषि तथा सम्बद्ध कार्यक्रमहरूका लागि २८ खर्ब ३० अर्ब भारु विनियोजन गरिएको छ, जुन कुल बजेटको ९ प्रतिशतभन्दा धेरै हो, जसको मूल उद्देश्य सन् २०२२ सम्ममा किसानको आय दोब्बर गर्ने रहेको छ। सीधा र प्रत्यक्ष आर्थिक सम्बन्ध तथा खुला सिमानासहितको छिमेकी देशमा हुने आर्थिक गतिविधिहरूको नेपाली अर्थतन्त्रमा स्वाभाविक रूपमा प्रत्यक्ष प्रभाव पर्ने गर्छ।

११ वर्षयताकै सबैभन्दा कमजोर आर्थिक वृद्धिसहित सुस्त बनेको भारतको अर्थतन्त्रलाई पुनः गति दिन अर्थमन्त्री सीतारमणले कृषि, पारवहन पूर्वाधार, उत्पादनमूलक उद्योग तथा विद्युतीय सामानको उत्पादनलगायतका क्षेत्रमा ठूलो लगानी प्रस्ताव गरेकी छिन्। ग्रामीण क्षेत्र र कृषिमा २८ खर्ब ३० अर्ब बजेट विनियोजन गरिएको छ। यसका साथै, कृषिक्षेत्रमा १ सय ५० खर्ब भारु ऋण प्रवाह गर्ने लक्ष्य पनि भारत सरकारले लिएको छ। त्यस्तै, सिँचाइको समस्या समाधान गर्न २० लाख किसानलाई सोलार पम्प तथा थप १५ लाख किसानलाई विद्युत्बाट चल्ने पानी तान्ने पम्प निर्माण गरिदिने घोषणा सरकारले गरेको छ। सिँचाइको समस्या भएका १ सय जिल्लामा सघन सिँचाइ कार्यक्रमहरू सञ्चालन गर्ने योजनासमेत सार्वजनिक गरिएको छ, जसबाट भारत सरकारले ग्रामीण विकासका लागि कृषिलाई प्राथमिकता दिएको देखिन्छ भने कृषिमा सिँचाइको उपयोग बढाउने र पुँजीको परिचालन गरी उत्पादनमा आधारित अर्थतन्त्रको विकासलाई थप बलियो बनाउने रणनीति लिएको देखिन्छ। यसले भारतमा कृषि उत्पादनलाई थप प्रतिस्पर्धी बनाउनेछ। भारतबाट नेपालमा वार्षिक करिब २ खर्बको कृषि उत्पादन आयात भइरहेको छ। भारतीय कृषिउपजमा नेपालले भन्सारसमेत लगाउन पाउँदैन। नेपालमा कृषिमा सरकारले अत्यन्तै कम अनुदान दिइरहेको र उत्पादन लागत महँगो भएको सन्दर्भमा भारतीय कृषि उत्पादनको हिस्सा नेपाली बजारमा अझै बढ्ने अनुमान गर्न सकिन्छ।

सन् २०२२/२३ सम्म माछा उत्पादन २ करोड मेट्रिक टन पुऱ्याउने र सन् २०२४/२५ सम्ममा सागरमित्र तथा माछा उत्पादक संस्थाहरूमार्फत सञ्चालन हुने मत्स्यपालन प्रसार कार्यक्रमहरूको प्रवर्द्धनबाट आगामी आ.व.मा थप १८ हजार २ सय हेक्टरमा माछापालन विस्तार गरी सन् २०२४/२५ भित्र १० खर्ब भारुबराबरको माछाजन्य निर्यात गर्ने लक्ष्यका साथ ठूलो मात्रामा अनुदान तथा बजेट विनियोजन गर्ने प्रस्ताव पनि भारतको बजेटले गरेको छ। आगामी पाँच वर्षमा माछा निर्यात १० खर्ब भारुबराबर पुऱ्याउने लक्ष्य भारतले लिएको छ। गत आव २०७५/७६ मा करिब २ अर्बबराबरको माछा भारतबाट आयात भएको थियो। भारत सरकारको यो योजनाबाट नेपालको मध्य र पश्चिम तराईमा फस्टाउँदै गरेको मत्स्यपालन क्षेत्रलाई प्रतिस्पर्धी बनाउन नेपाल सरकारले थप ध्यान दिनुपर्ने देखिन्छ।

किसानले उत्पादन गरेको मासु, दूध, तरकारी, फुललगायतका चाँडै नष्ट हुने उत्पादन कृषिउपजहरूको आन्तरिक ढुवानीका लागी इन्डियन रेल्वेले रेफ्रिजेरेटेड बग्गीहरू उपलब्ध गराउने किसान रेल कार्यक्रम सञ्चालन गर्ने तथा आन्तरिक र बाह्य बजारका लागि नागरिक उड्डयन निकायसँग मिलेर स्वदेशी तथा अन्तर्राष्ट्रिय मार्गहरूमा कृषि उडान कार्यक्रम सञ्चालन गर्ने योजना भारत सरकारले सार्वजनिक गरेको छ। भारतीय खाद्य निगम तथा केन्द्रीय भण्डारण निगममार्फत खाद्य उपजहरूको भण्डारण तथा साना किसान लक्षित ग्रामीण महिलाहरूबाट सञ्चालन हुने गरी भिलेज स्टोरेज स्किम स्किममार्फत १६ करोड २० लाख मेट्रिक टनसम्म किसानद्वारा उत्पादित अनाज सुरक्षण गरी बिक्री गर्ने व्यवस्था मिलाउने घोषणा गरिएको छ।

भेडाबाखा, दूधलगायतको उत्पादन बढाउन पनि भारत सरकारले विशेष योजना चलाउँदै छ। सन् २०२५ सम्ममा गाईभैंसीको खोरेत र ब्रुसेलोसिस रोग तथा बाखाको पीपीआर रोग उन्मूलन गर्ने योजना तथा ५ करोड ३५ लाख मेट्रिक टन दूध प्रसोधन गर्न सक्ने हालको राष्ट्रिय क्षमतालाई सन् २०२५ सम्ममा १० करोड ८० लाख मेट्रिक टनमा पुऱ्याउने योजना लिइएको छ। स्वस्थताको अवरोध राखी हाल नेपालमा बन्द गरिएको भारतीय खसीबोका आयातलाई यो योजनाले प्रभाव पर्न सक्ने देखिन्छ, यदि उल्लिखित रोगहरू उन्मूलन भएको खण्डमा भारतबाट खसीबोका, राँगा आदि आयात गर्न रोक्न मिल्दैन। आत्मनिर्भरतातर्फ लम्केको दुग्ध तथा मासु उत्पादनमा सस्ता र प्रतिस्पर्धी भारतीय उत्पादनले चुनौती थप्ने निश्चितप्रायः छ।

